# चौविसे गाउँपालिका

धनकुटा

# चौविसे राजपत्र

खण्ड-७, संख्या-५, मिति : २०८०-०३-१०

भाग-१

## चौबिसे गाउँपालिकाको
## रोजगार रणनीति

आ.व. २०८०/८१-२०८४/८५

## १. पृष्ठभूमिः

रोजगारी मानव जीवन, व्यक्तित्व र सभ्यताको विकासको आधार हो । मानवोचित जीवनयापनका लागि आयमूलक रोजगारीका अवसरहरुको सिजृना हुन आवश्यक छ । पेशा वा रोजगारी बाटनै समाजमा आयको वितरण हुने हुँदा व्यक्तिको काम गर्न पाउने अधिकारलाई आधारभूत मौलिक अधिकार मानिन्छ । त्यस्तै आयमूलक रोजगारीका अवसरहरुको सिर्जना नै गरिबी निवारणको प्रमुख माध्यम हो । रोजगारी एक गतिशील, बहुआयामिक एंव आर्थिक वृद्धिको ढाँचा र प्रवृत्तिमा निर्भर हुने विषय हो । सोहि कुरालाई मध्यनजर गर्दै हाम्रो देशको तीनवटै तहका सरकारहरुलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ । सबै तहका सरकारहरुले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ । स्थानीय तहले आफ्नो क्षेत्रभित्र रोजगारीका सम्भावित अवसरहरुको पहिचान गरि रोजगारीको मागको प्रक्षेपण र आपूर्तिको अनुमान गरी माग र आपूर्ती बीच सन्तुलन कायम गर्न तथा रोजगारीका थप अवसरहरुको सिर्जना गर्न जरुरी रहेको छ । मर्यादित श्रम (Decent Work) को लागि आन्तरिक रोजगारी प्रवर्द्धन र असल श्रम सम्बन्ध विकास गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने, श्रमिकको हकहित एव पेशागत सुरक्षा प्रदान गर्ने, मर्यादित कार्यवातावरण बनाउने, योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन, वैदशिक रोजगारीलाई सुरक्षित, व्यंवस्थित, नियमित र मर्यादित बनाउने तथा सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी र स्वरोजगारी प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवद्धृि गर्ने कार्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सम्पादन हुँदै आएको छ । श्रम तथा रोजगारी अन्तरसम्बन्धित भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास, काम र श्रमिक प्रतिको हेर्ने दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभाव पार्ने गरेको देखिन्छ । देशमा उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा बेरोजगार व्यक्तिहरुलाई आकर्षित गर्न काम प्रतिको सम्मान र कार्य गर्ने मर्यादित वातावरण सृजना गर्न सकिएमा देशको श्रम तथा रोजगारीका क्षेत्रमा नेपाली बेरोजगार व्यक्तिहरुलाई नै संलग्न हुने अवस्था रहन्छ । र देशको सामाजिक, आर्थिक तथा सांस्कृतिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुग्न सक्ने देखिन्छ ।

रोजगारी तथा स्वरोजगारी मार्फत गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, विपन्न वर्गको सामाजिक सुरक्षा गर्न, श्रमको सम्मानको धारणा वृद्धि गराउन, श्रम शक्तिलाई श्रम बजारमा उपयुक्त अवसर सिर्जना गरी आवश्यक्ताको आधारमा सिप विकास गरेर परिचालन समेत गर्न, उद्यम तथा नवप्रवर्तनलाई प्रोत्साहन गरी उत्पादनशील रोजगारी मार्फत आर्थिक वृद्धि हासिल गर्न स्थानीउ तहको महत्वपूर्ण भूमिका रहन्छ । रोजगारी बहुआयामिक तथा अन्तरसम्बन्धित विषय हो । रोजगारीको आफ्नो कुनै विशेष क्षेत्र हुँदैन । यो विभिन्न क्षेत्रहरूमा सिर्जना हुने हो । रोजगारी सिर्जना कुनै एक तह, क्षेत्र वा कार्यक्रमबाट हुने पनि होईन । यसका लागि त सबै तह, क्षेत्र र कार्यक्रम बीच समन्वय र सहकार्य हुनु आवश्यक छ । गरिबी र रोजगारी अन्तरसम्बन्धित विषय

रहेकोले गरिबी बढ्दा बेरोजगारी बढ्छ, रोजगारी बढ्दा बेरोजगारी घट्छ र यसले गरिबी घटाउन मदत गर्छ । रोजगारीले गरिबी तथा बेरोजगारी दर बीचको संतुलन कायम गरेको हुन्छ । त्यसैले दिगो आर्थिक वृद्धि, गरिबी तथा बेरोजगारी न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको छ । उत्पादनशील रोजगारीले मानिसको आयआर्जन क्षमतालाई बढाउँछ र यसले बेरोजगारी तथा न्यून रोजगारलाई कम गर्दछ । शिक्षा र रोजगारी बीचको अन्तरसम्बन्ध पनि एकदम महत्वपूर्ण हुन्छ । शिक्षाले नै स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय श्रम बजारका आवश्यकताहरु परिपूर्ति गर्ने सीपयुक्त दक्ष, सक्षम, प्रतिस्पर्धि जनशक्ति उत्पादन गर्ने काम गर्छ । प्राविधिक र जीवनोपयोगी शिक्षामा पहुँचको कमीका कारण देशमा बेरोजगारी दर बढ्दो क्रममा रहेका छन् । रोजगारीसंग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्ने कार्यमा समेत स्थानीय तहको भूमिका अपरिहार्य रहेको छ ।

उपलब्ध श्रम शक्तिलाई प्रतिस्पर्धी बनाउँदै सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित एंव सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिबी निवारणमा योगदान पुर्याउने राष्ट्रिय लक्ष अनुरुप यस चौबिसे गाउँपालिकामा उपलब्ध साधन तथा स्रोतको उच्चतम सदुपयोग गरी, जनसाङ्ख्यिकीय लाभांश (Demographic Dividend) को लाभ लिँदै , श्रमयोग्य उमेर समूहलाई सिपयुक्त बनाई पूर्ण सदुपयोग गर्दै , उत्पादन उद्यम तथा नपप्रवर्तनको माध्यमबाट रोजगारी तथा स्वरोजगारीको वातावरण सिर्जना गरी सामाजिक र आर्थिक उन्नतिमा अग्रसर हुन यो रोजगार रणनीति तर्जुमा गरिएको हो । कृषि, पर्यटन तथा उद्यममा प्रचुर संभावना रहेको यस गाउँपालिकाको रोजगार रणनीतिले योजनाबद्ध रुपमा युवा जनशक्तिको पूर्ण सदुपयोग गर्दै स्थानीय हुँदै राष्ट्रिय श्रम तथा रोजगारीको क्षेत्रमा समेत योगदान अभिवृद्धि गरी चौबिसेलाई सम्मुनत बनाउने तर्फ अघि बढ्नका लागि यो रोजगार रणनीति तर्जुमा गरिएको छ ।

## २. रोजगार रणनीतिको आवश्यक्ता र औचित्य:

रोजगारीको क्षेत्रमा चौबिसे गाउँपालिकाले क्षेत्रगत सीप बिकास तालिम , लघु उद्यम, कामका लागि पारिश्रमिक र विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासँगको साझेदारीमा लक्षित वर्ग स्वरोजगार/ रोजगार तथा सीपमूलक तालिम लगायतका कार्यक्रम मार्फत यथेष्ट मात्रामा श्रम तथा रोजगारीको क्षेत्रमा पाइला चालेतापनि थप उपलब्धि हासिल गर्न निम्न चुनौतिहरु रहेका छन् ।

१. स्वरोजगार तथा रोजगारको मुख्य संभावनाका रपमा रहेको पर्यटन व्यवसायको योगदान तुलनात्मक रुपमा कम रहेको ।
२. उत्पादनशील भन्दा व्यापार र सेवा क्षेत्रमा बढी केन्द्रित सिमित रोजगारीको अवसर ।

३. निति निर्माण गर्दा रोजगारका उद्धश्येहरुको समायोजनलाई अभिवृद्धि नगरिएको ।
४. कृषि तथा पशुपालनमार्फत स्वरोजगारीका लागि मूल्य श्रृङ्खला (value chain) को समस्या, उत्पादनमा अनुदान, प्राविधिक सेवा लगायतका सुविधा उपलब्ध भएतापनि बजारको समस्या रहेको ।
५. स्थानीय पाठ्यक्रमलाई व्यावहारिक, सीपमूलक र उद्यमशीलता प्रवर्धन गर्ने गरी बनाउनु पर्ने ।
६. तालिममा यथेष्ट लगानी भएतापनि तालिम पश्चात श्रम बजारमा प्रवेश गर्ने जनशक्ति न्यून हुँदा तालिमको प्रभावकारीता र रोजगारीको उपलब्धतामा समस्या ।
७. सीप र उत्पादन बिचको तादम्यता नरहेको ।
८. श्रमको सम्मान र सबै काम बराबरको धारणा बनाउन नसकिएको ।
९. उद्यमशीलता तथा स्वरोजगारीको वातावरण सिर्जनामा सहकारीको प्रभावकारी योगदान नभएको ।
१०. नवप्रवर्तन र च्यालेन्ज फन्ड जस्ता अवधारणा हालसम्म प्रयोग नगरीएको ।
११. रोजगारी, स्वरोजगारी, उद्यम र श्रम विषय निजी श्रेत्रसँगको सहकार्यमा बढावा दिनुपर्ने आवश्यक्ता रहेको ।
१२. श्रम बजारमा सूचना प्रणालीको अभाव ।
१३. रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्साङ्कन गर्न नसकिएको ।

## ३. अध्ययन पद्धतिः

यो रणनीतिको अध्ययन मिश्रित पद्धतिमा आधारित छ । यसमा बेरोजगार व्यक्तिहरु, रोजगारीमा संलग्न व्यक्तिहरु, रोजगारदाताहरु र सरोकारवालाहरुसँग सम्बन्धित परिमाणात्मक तथ्याङ्कका साथै विभिन्न अन्य सूचकहरुमा सम्बन्धित अन्य व्यक्तिहरुका धारणा, बुझाई, मूल्याङ्कन, दृष्टिकोण जस्ता गुणात्मक पक्षहरुको पनि संकलन र विश्लेषण गरिएको छ । यस रणनीति अध्ययन पद्धतिको पुनरावलोकन कार्य गर्दा देहायको अध्ययन पद्धति अवलम्बन गरिएको छ ।

- श्रोत मूलतः प्राथमिक र द्वित्तिय स्रोतको पुनरावलोकन गरिएको छ। प्राथमिक श्रोतमा रोजगारदाताहरु, बेरोजगारहरु, सरोकारवालाहरुसँग प्रत्यक्ष भेटेर अध्ययन गरिएको छ । ऐन, नीति, नियमावली, कार्यविधिहरु पुनरावलोकन गरिएको छ । द्वित्तिय श्रोतमा राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रिय अध्ययन प्रतिवेदनहरुको विश्लेषण गरिएको छ । रोजगारीको हक सम्बन्धि ऐन, २०७५, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५, राष्ट्रिय रोजगार नीति, २०७१, श्रम तथा रोजगार मन्त्रालयको पञ्चवर्षीय रणनीतिक योजना (२०७९/०८०-२०८३/०८४), श्रमको सम्मान राष्ट्रको अभियान २०७८, लगायतका ऐननियम तथा साष्ट्रिय

नीतिहरुमा आधारित भई स्थानीय स्रोतसाधन, अन्तरिक र बाह्य वातावरण र अवसरहरुको SWOT Analysis गरी रणनीति तर्जुमा गरीएको छ ।

**४. क्षेत्र:**

चौबिसे गाउँपालिकाको स्थानीय रोजगार रणनीतिका क्षेत्रहरु निम्न छन ।

१. रोजगारी
   - औपचारिक रोजगारी
   - अनौपचारिक रोजगारी
   - न्यूनतम रोजगारी

२. रोजगार सहायता
   - रोजगारमूलक सीप विकास
   - सहुलियतपूर्ण कर्जा
   - वित्तिय साक्षरता
   - उद्यमशिलता
   - परामर्श तथा रेफरल सेवा
   - रोजगार विनिमय

३. स्वरोजगारी तथा उद्यम
   - उत्पादनमा आधारित
   - सेवामा आधारित

४. नवप्रवर्तन

**५. सीमाः**

अनुसन्धान आँफैमा एक जटिल, महत्वपूर्ण, धैरै समय, श्रम र आर्थीक पक्षको आवश्यक्ता पर्ने कार्य हो । तसर्थ तोकिएको शीर्षकको सम्पूर्ण पक्षलाई अध्ययनमा समेट्न नसकिने हुँदा यसलाई निश्चित क्षेत्रमा निर्धारण गरी समितिकरण गर्न आवश्यक छ ।यस अध्ययनको उदेश्यअनुसारका निष्कर्षहरु स्थानीय तहभरि सामान्यीकृत रुपले मान्य हुन पालिकाभरिबाट बेरोजगार व्यक्तिहरु, उनीहरुको परिवार, रोजगारीमा संलग्न व्यक्तिहरु र उनीहरुको परिवार, रोजगारदाताहरु, सरोकारवालाहरुलाई युनिभर्स मानेर त्यसबाट तथ्याङ्कशास्त्रीय विधिबाट नमुना निर्धारण गर्नुपर्ने हुन्छ । तर यो अध्ययनको स्रोत र समय सिमाका कारणले त्यसो गर्न सम्भव भएन । तथापि समय स्रोतको अधिकतम प्रयोग गर्दै स्थानीय तहभरिका ५५ जना बेरोजगार व्यक्ति, १७ जना रोजगारमा संलग्न व्यक्ति, ८ वटा रोजगारदाता कम्पनी/ संस्था र २३ जना सरोकारवाला व्यक्तिहरुहरुलाई नमुनाका रुपमा लिईयो । यसरि नमुना निर्धारण गर्ने विधिलाई सुविधा नमुना विधि भन्ने गरिन्छ ।

समय र स्रोतको अभावलाई यस रणनीतिको सीमाको रुपमा लिईएको छ । यहाँ उल्लेख गरिएका सीमाका अलावा अन्य विधिशास्त्रीय सीमाहरु पनि यहाँ छन । यस अध्ययनले मापन, अवलोकन, गहन अन्तर्वार्ता, समूहगत छलफल मध्ये एक वा सो भन्दा बढी विधि प्रयोग गर्न पाएको खण्डमा अझ बढी मान्य निष्कर्ष निस्कन सम्भव हुन्थ्यो । चौबिसे गाउँपालिकाको हालको अवस्थामा रोजगार रणनीति तयार गर्दा तथ्याङ्क सङ्कलनकै क्रममा रहेको, कतिपय विवरणहरु प्राविधिक कठिनाईका कारण उपलब्ध नभएको र कतिपय विवरणहरु उपलब्ध हुन नसकेका कारण सङ्कलित तथ्याङ्क तथा सर्वेक्षणको माध्यमबाट प्राप्त विवरणलाई समेटेर यो रणनीति तथार पारिएको हुँदा केही तथ्याङकीय सीमाभित्र रही यो रणनीति तथार गरिएको छ ।

## ६. रोजगारी सम्बन्धी कानूनी व्यवस्था:

नेपालको संविधान, २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रम सम्बन्धी हकलाई मौलिक हकको रुपमा समेटिएको छ । रोजगारीको हकमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक र रोजगारीको छनौट गर्न पाउने हक हुनेछ भनिएको छ । संविधानको धारा ५१ को खण्ड (झ) मा श्रम र रोजगार सम्बन्धी नीति समावेश गरिएको छ । जसमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने, श्रमिक र उद्यमी व्यवसायी बिच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अंगिकार गर्न सक्ने व्यवस्था रहेको छ । प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता प्रदान गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ । रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार ब्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ ।

मुलुकको जनशक्तिलाई अन्तराष्ट्रिय बजारको माग अनुरुप ज्ञान र सीप प्रदान गरि दक्ष, क्षमतावान र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै उनीहरुको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यका साथ वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयन भई रहेको छ । नेपालमा उपलब्ध श्रमशक्तिलाई प्रतिस्पर्धी बनाई सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिबी निवारणमा योगदान पुर्याउने दुरदृष्टि रहेको राष्ट्रिय रोजगार रणनीति, २०७१ कार्यान्वयनमा रहेको छ । पन्ध्रौ योजनाले सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता

गराउने सोंचका साथै उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरि बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेख्य रुपमा कमी ल्याउने लक्ष्य राखेको छ ।

## ७. रोजगारीको वर्तमान अवस्था:

राष्ट्रिय जनगणना, २०७८ अनुसार चौबिसे गाउँपालिकामा आर्थिक रुपमा सक्रिय १० वर्ष र सो भन्दा माथिका व्यक्तिको जनसंख्या ८७.० प्रतिशत रहेको छ भने आर्थिक रुपमा निस्क्रिय व्यक्तिको जनसंख्या १२.९ प्रतिशत रहेको छ । १० वर्ष र सो भन्दा माथिका आर्थिक रुपमा प्राय सक्रिय रहेको रोजगारीमा रहेको जनसंख्या ७९.८ प्रतिशत र प्राय सक्रिय नरहेको रोजगारीमा रहेको जनसंख्या २०.२ प्रतिशत रहेका छन् । त्यस्तै रोजगारीको अवस्था अनुसार आर्थिक रुपमा अक्सर सक्रिय १० वर्ष र सो भन्दा माथिका रोजगारमा रहेको जनसंख्या ९८.२ प्रतिशत रहेको छ भने आर्थिक रुपमा अक्सर निस्क्रिय भई कुल बेरोजगारको जनसंख्या १.८ प्रतिशत रहेको छ । वि.सं. २१०० सम्म सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउने नेपाल सरकारको दीर्घकालीन सोंच रहेको छ भने तीब्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने दीर्घकालीन राष्ट्रिय रणनीति रहेको छ । पन्ध्रौ योजनाले आ.व. २०८०/८१ सम्ममा श्रमशक्ति सहभागिता दर ४९ प्रतिशत र वि.सं. २१०० सम्ममा ७२ प्रतिशत पुर्याउने लक्ष्य राखेको छ । त्यस्तै आ.व. २०८०/८१ सम्ममा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत र विसं २१०० सम्ममा ७० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । हाल नेपालको बेरोजगारी दर ११.४ प्रतिशतलाई वि.सं. २१०० सम्ममा ३ प्रतिशतमा झार्ने सरकारको दीर्घकालीन लक्ष्य रहेको छ ।

## ८. रणनैतिक सवालहरु:

श्रम तथा रोजगारीको हक कार्यान्वयन गर्नु, उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सृजना गर्नु, अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, श्रम बजारको माग अनरूप सीपयुक्त श्रमशक्तिको विकास गर्नु, बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसक्नु, शिक्षालाई व्यावहारिक र रोजगारमलूक बनाई उद्यमशीलिता विकास गर्नु, श्रमिक र रोजगारदाता बीच सुसम्बन्ध स्थापित गर्नु, श्रम निरीक्षण र नियमनलाई प्रभावकारी बनाउनु आदि रणनीतिका सवालहरु रहेका छन । श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, श्रमप्रतिको सम्मानको कमी हुनु, उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्द्धन र उत्पादनशील रोजगारीको सृजना पर्याप्त हुन नसक्नु (न्यून उत्पादकत्व, न्यून ज्याला र कमजोर कार्य अवस्था), वैदेशिक रोजगारीबाट प्राप्त सीप र पुँजीको न्यून परिचालन हुनु, श्रम बजार सूचना प्रणालीको विकास नहनु आदि रोजगारीका समस्याहरु रहेको छ । रणनीति निर्माणको क्रममा सरोकारवाला र रोजगारदाताहरु बिचको समन्वयमा सबैभन्दा बढी उठेको सवालहरु चाँहि

उत्पादनशील रोजगारी, मर्यादित रोजगारी र सामाजिक सुरक्षा जस्ता कुराहरु थिए । यिनै सवालहरुलाई मुख्य आधार बनाई यो रणनीति तर्जुमा गरिएको छ । त्यसै गरि रणनीतिमा देखिएका सवालहरुलाई रणनीति अद्यावधिक परिमार्जन र कार्यान्वयनको पाटोमा लगि अघि बढ्ने ध्येय गाउँपालिकाको हुनेछ ।

## ९. दुरदृष्टी, ध्येय र उद्देश्यहरुः

### दूरदृष्टिः

स्थानीय स्तरमा उपलब्ध श्रम शक्तिलाई प्रतिस्पर्धी बनाउँदै सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील मर्यादित एंव सुरक्षित रोजगारीमा संलग्न गराई स्थानीय तहको अर्थतन्त्रलाई सवल र गतिशील बनाई गरिबी निवारणमा योगदान पुर्याउँदै गाउँवासीलाई सम्मुनत बनाउने।

### उद्धेश्यः

१. उत्पादनशील र मर्यादित रोजगारीका अवसरमा वृद्धि गर्ने ।

२. आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्ने ।

३. श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने।

४. रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाई रोजगारीको हकलाई कार्यान्वयन गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराउने ।

५. श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्न तथा श्रम प्रतिको सम्मान अभिवृद्धि गर्दै आन्तरिक रोजगारीका अवसरहरुमा उपलब्ध श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्ने ।

६. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग गर्नुको साथै वैदेशिक रोजगारीबाट फर्केका व्यकक्तिहरुलाई पुनःएकीकरण गर्न समन्वय, सहकार्य र साझेदारी गर्ने ।

६. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप, पुँजी र प्रविधिलाई उपयोग गरि स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन उद्यमशिलताको विकास गर्ने ।

७. स्थानीय श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने ।

**१०. रणनैतिक लक्ष्यः**

- स्थानीय तथा आन्तरिक रोजगारी सिर्जना ।
- मर्यादित वैदेशिक रोजगारी ।
- सीपयुक्त र सबल जनशक्ति निर्माण ।

**११. रणनैतिक स्तम्भ कार्यनीतिः**

११.१ आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्ने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरु

- गाउँपालिकाभित्र आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गरिनेछ ।
- गाउँपालिकाको विकास खर्चलाई रोजगारी सृजनासंग जोडिनेछ ।
- आन्तरिक रोजगार प्रवर्द्धन गर्नका लागि अन्तर सरकार समन्वय र सहकार्य गरिनेछ ।
- रोजगारीका थप अवसर सृजना गर्नका लागि एक पालिका, एक औधोगिक ग्राम स्थापनाका लागि समन्वय र सहकार्य गरिनेछ ।
- गरिबी निवारण र रोजगारी सृजना सम्बन्धी कार्यहरुलाई एकीकृत रुपमा सञ्चालन गर्न आवश्यक नीति निर्माण गर्नुको साथै अन्य तह वा निकायसंग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

११.२ श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरु

- विद्यालय तह देखि नै कम्प्युटर शिक्षा सञ्चालन गरिने व्यवस्था मिलाईनेछ ।
- गन्तव्य मुलुकको श्रम बजारको मागका आधारमा सीपमूलक तालिम सञ्चालन गरि दक्ष जनशक्ति तयार गरि वैदेशिक रोजगारीमा जान प्रोत्साहन गरिनेछ ।
- निर्माण क्षेत्रमा दिगो रोजगारीका अवसरहरु सृजना गर्न विभिन्न किसिमका सीपमूलक तालिमहरु जस्तैः ब्रिक मेसन, प्लम्बर, ईलेक्ट्रिसियन, पेन्टिङ्ग, स्काफोल्डर लगायत अन्य तालिमहरु सञ्चालन गरि निर्माण क्षेत्रसंग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गरि स्थानीय श्रम बजारमा आफूर्ति गरिनेछ ।
- स्थानीय तहमा नयाँ नयाँ पर्यटन क्षेत्रको पहिचान, विकास र विस्तार गरि पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति आपूर्ति गर्न होटेल व्यवसाय, होम स्टे, अतिथि सत्कार जस्ता विषयसंग सम्बन्धित सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय,

गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गरि रोजगारी सृजनामा जोड दिईनेछ ।

- गरिबी न्यूनीकरणमा सहयोग पुग्ने गरि विभिन्न निकाय एवं क्षेत्रबाट सञ्चालित प्राविधिक तथा व्यवसायिक रोजगारमूलक एवं सीपमूलक तालिमहरुमा समेत सहकार्य गरिनेछ ।
- रोजगारीको क्षेत्रमा बढदै गरेको प्रविधिको प्रयोगलाई मध्यनजर गरि अधिकतम रोजगारी सृजना हुने क्षेत्रहरुको पहिचान गरि नवीनतम् सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- विश्व श्रम बजारमा Automation र Artificial Intelligence (AI) प्रयोग बढदै गएको सन्दर्भमा सूचना प्रविधिको क्षेत्रमा अधिक रोजगारीका अवसरहरु सृजना हुने भएकोले विद्यालय तहदेखि नै कम्प्युटर शिक्षामा जोड दिईनेछ ।
- रोजगार तथा स्वरोजगारमूलक शिक्षा र सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिरहेका सरकारी, गैरसरकारी एवं निजी क्षेत्रसंग समन्वय र साझेदारी गरिनेछ ।

११.३ रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाई रोजगारीको हकलाई कार्यान्वियन गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराउने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरु

- रोजगार सम्वाद मञ्चलाई गतिशिल बनाई दिगो रुपमा रोजगारीका अवसरहरु सृजना गर्न रोजगार सम्बद्ध सरोकारवालाहरुसंगको छलफल र सहभागितामा आवश्यक रोजगारयोग्य (Employability) कार्यक्रमहरु सञ्चालन गर्न गैर सरकारी संघसंस्था एवं निजी क्षेत्रसंग समन्वय गरिनेछ ।
- स्थानीय तहभित्रको अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न सम्भावित औपचारिक क्षेत्रहरुको पहिचान गरि रोजगारमैत्री कार्यक्रमहरु सञ्चालन गरि रुपान्तरण गरिदै लगिनेछ ।
- गाउँपालिकाको विकास निर्माणमा समेत बेरोजगार व्यक्तिहरुलाई परिचालन गरिनेछ ।
- रोजगार विनिमय सेवा सञ्चालन गर्न रोजगार सेवा केन्द्र र कर्मचारीको क्षमता विकास एवं सुदृढीकरण गरिनेछ ।
- रोजगार सम्बद्ध विभिन्न योजना, कार्ययोजना र कार्यनीतिहरु तर्जुमा गरिनेछ ।
- रोजगारको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रबाट बेरोजगार सहायता उपलब्ध गराईनेछ ।
- स्थानीय एवं राष्ट्रिय स्तरमा उपलब्ध रोजगारीका अवसरहरुको सूचना एवं जानकारी गाउँपालिकाको वेभसाईट वा फेसबुक पेज मार्फत सम्प्रेषण गरिनेछ ।
- स्थानीय तहमा उपलब्धमा सीप, अनुभव र योग्यताको आधारमा रोजगारीका अवसर उपलब्ध नभएमा अन्तर तह वा निकायसंग समन्वय गरि उपलब्ध रोजगारीका अवसरहरुमा आवश्यक पहल गरिनेछ ।

- रोजगारी सिर्जनाका लागि विभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनामा बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रदान गर्नको लागि आवश्यक समन्वय गरिनेछ ।
- न्यूनतम रोजगार प्रत्याभूत योजना तर्जुमा गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संलग्न गराइनेछ ।
- तीनै तहको सरकारको सक्रिय सहभागिता र साझेदारीमा रोजगार कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११.४ श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्न तथा श्रम प्रतिको सम्मान अभिवृद्धि गर्दै आन्तरिक रोजगारीका अवसरहरुमा उपलब्ध श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्ने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरु

- दलित महिला, शहिद परिवार, एकल महिला, अपाङ्ग तथा बञ्चितीकरणमा परेका वर्गहरुलाई लक्षित गरि रोजगारयोग्य कार्यक्रम चलाईनेछ ।
- रोजगारीको क्षेत्रमा देखा पर्ने लैंगिक, भौगोलिक, जातिगत वा अन्य सबै प्रकारको भेदभावलाई निराकरण गर्न श्रमको सम्मान, राष्ट्रको अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- बालश्रम, बाध्यकारी श्रम लगायत सबै प्रकारको श्रम शोषणलाई अन्त्य गर्न आवश्यक सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरि निरुत्साहित गरिनेछ ।
- स्थानीय स्तरमा श्रम विवाद समाधान गर्न एवं असल श्रम सम्बन्ध विकास गर्न सरोकारवालाहरुसंग नियमित सम्वाद गर्न स्थानीय रोजगार सम्वाद मञ्चलाई सक्षम बनाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- बालश्रम अन्त्य गर्न बालश्रम गुरुयोजनाको प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग र सहकार्य गरिनेछ ।
- रोजगारदाताले कुनै श्रमिकलाई काममा लगाए वापत सरकारले तोकेको ज्याला दर अनुसारको पारिश्रमिक उपलब्ध नगराउने रोजगारदातालाई आवश्यक कानूनी कारवाहीको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

११.५ वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग गर्नुको साथै वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनःएकीकरण गर्न समन्वय, सहकार्य र साझेदारी गर्ने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरु-

- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरि वैदेशिक रोजगारीका अवसर, चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरि सचेतना अभिवृद्धि गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केका पिडितहरुका लागि मनोसामाजिक परामर्श, कानूनी परामर्श, रेफरल सेवा लगायतका अन्य सेवाहरु सञ्चलान गरि पुनः एकीकरणमा जोड दिईनेछ ।

- वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति तथा तिनका परिवारहरुलाई लक्षित गरि सामाजिक, आर्थिक र मनोसामाजिक रुपमा पुनः एकीकरणका लागि आवश्यक कार्यकम सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार र गैर सरकारी संघसंस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।
- वैदेशिक रोजगारीमा रहेका श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवाहरुको वितरणमा आवश्यक सहयोग गरिनेछ ।

११.६ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप, पुँजी र प्रविधिलाई उपयोग गरि स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन उद्यमशिलताको विकास गर्ने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरु

- उद्यमशिलता विकास तालिम सञ्चालन गरि स्वरोजगारी सृजनामा जोड दिईनेछ ।
- वैदेशिक रोजगारीबाट आर्जन भएको ज्ञान, सीप र प्रविधिलाई प्रमाणीकरण गर्न सम्बन्धित निकायहरुमा समन्वय र सहकार्य गरिनेछ ।
- वैदेशिक रोजगारीबाट प्राप्त सामाजिक तथा आर्थिक विप्रेषणलाई नगरपालिकाभित्र उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न वित्तीय साक्षरता सम्बन्धी तालिम एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- उद्यमशिलता विकासमा सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरुलाई लगानी गर्न प्रोत्साहन गरि नयाँ उद्यमी सृजना गरि स्वरोजगारमा वृद्धि गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक एवं आर्थिक विप्रेषणलाई उद्यमशिलता प्रवर्द्धनमा परिचालन गरि सम्मुनत नगर निर्माणमा जोड दिईनेछ ।
- स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार लगायत वित्तीय क्षेत्र, गैरसरकारी क्षेत्रको सहयोग र सहकार्यमा वित्तीय साक्षरता (Financial Literacy) र वित्तीय पहुँच (Access to Financing) मार्फत स्थानीय तहमा उद्यमशिलता प्रवर्द्धन गरिनेछ ।
- गरिबी निवारण कोषद्वारा निर्मित सामुदायिक संस्थाहरुमा रहेको पुँजी र अन्य स्रोत साधनलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने व्यवस्था गरि उद्यमी र उद्यमशीलता विकास गरिनेछ ।
- आन्तरिक रोजगारी सृजनाका लागि स्थानीय प्रविधिको उपयोग गरि स्थानीय स्तरमा उत्पादित वस्तुको खपत तथा उपभोग गर्न प्रचारप्रसारको व्यवस्था गरिनेछ ।
- वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई बचत गरि उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सचेतना अभिवृद्धि गरिनेछ ।

११.७ श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने रणनीतिसंग सम्बन्धित कार्यनीतिहरु

- वैदेशिक रोजगारीमा जाने र फर्किनेहरुको तथ्यांकहरुलाई व्यवस्थित गरिनेछ ।

- बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न आवश्यक तथ्यांक संकलन गरिनेछ ।
- स्थानीय तहभित्र सञ्चालित उद्यम, व्यवसाय, प्रतिष्ठान, कम्पनीहरु लगायत अन्य निजी क्षेत्रको व्यवसायिक घरानाहरुमा रोजगारीमा रहेका व्यक्तिहरुको तथ्यांक संकलन गरिनेछ ।
- रोजगारीका लागि छिमेकी मुलुक भारत जाने कामदारहरुलाई स्थानीय तहमा दर्ता हुने नीतिगत व्यवस्था गरि परिचयपत्र जारी गरिनेछ र सो को अभिलेख दुरुस्त राखिनेछ ।
- स्थानीय तहभित्रबाट वैदेशिक रोजगारीमा जाने तथा फर्किने व्यक्तिहरुको अभिलेख संकलन गरिनेछ ।
- चौबिसे आप्रवासन प्रोफाईलिङ्ग र रोजगार सम्बद्ध सरोकारवाला एवं सेवाहरुको नाक्सांकन गरिनेछ ।
- स्थानीय तहभित्रका रोजगारदाताहरुको अभिलेखीकरण गरि उपलब्ध हुने रोजगारीको संख्याको आधारमा रोजगारीमा प्रतिस्थापन गरिनेछ ।
- स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गरिदै लगिनेछ ।
- सूचना प्रविधिको प्रयोग गरि स्थानीय तहभित्रका सबै घरधुरीहरुको सर्वेक्षण गरि गरिब घरपरिवारको पहिचान गर्दै परिचय पत्र वितरण गरिनेछ ।

## १२. रणनीतिक योजना तर्जुमाका कानूनी आधारः

यो रणनीतिक योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित रोजगारी तथा श्रम सम्बन्धी मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, रोजगारीको हक सम्बन्धी ऐन र नियमावली, राष्ट्रिय रोजगार नीति, वैदेशिक रोजगार नीति, पन्ध्रौ योजना, पाँच वर्षे रणनीतिक योजना, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, कोशी प्रदेश सरकारको नीति तथा योजना, स्थानीय नीति, योजना तथा प्रतिबद्धता, दिगो विकासका लक्ष्य, नेपाल सरकारले श्रम तथा रोजगारी सम्बन्धी गरेका अन्तराष्ट्रिय सम्झौता एवं प्रतिबद्धताहरुलाई रणनीतिक योजना तर्जुमाको आधार मानेको छ ।

## १३.पाँच वर्षको रणनैतिक कार्ययोजना-

| रण नीति | कार्य नीति | कार्यक्रम | आर्थिक वर्ष | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | |
| १ | १.१ | वार्षिक श्रम तथा रोजगार सर्वेक्षण | ✓ | ✓ | ✓ | ✓ | ✓ | रोजगार सेवा केन्द्र |
| | १.२ | अन्तर शाखा समन्वय बैठक | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| | १.३ र १.४ | रोजगार संवाद मञ्चको नियमित बैठक | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| | १.५ | स्थानीय उत्पादन बजारीकरण गर्ने व्यवसाय सहयोग कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | आर्थिक विकास शाखा |
| २ | २.१, २, ३ र ५ | एकीकृत सीप विकासका लागि क्षेत्र पहिचान, प्रक्षेपण तथा उत्प्रेरणा कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | रोजगार सेवा केन्द्र |
| | २.४ | श्रम तथा रोजगार सम्बन्धि स्थानीय पाठ्यक्रम निर्माण | | ✓ | | | | शिक्षा शाखा तथा रोजगार सेवा केन्द्र |
| | २.६ | बहुविषयगत तालिम केन्द्र निर्माण तथा संचालन | | | | | ✓ | |
| ३ | ३.१ र ३.३ | आन्तरिक रोजगारिको सम्भाव्यता अध्ययन कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | रोजगार सेवा केन्द्र |
| | ३.२, ४, ७ र ८ | एकिकृत श्रम, रोजगार तथा तालिम विवरण व्यवस्थापन प्रणाली संचालन | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| | ३.६ | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको आर्थिक तथा सामाजिक पुन: एकिकरण कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| | ३.९ | रोजगार सेला संचालन | | | | ✓ | ✓ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३.१० | श्रमको सम्मान राष्ट्रको अभियान संचालन | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ४ | ४.१ | लक्षित वर्ग विशेष सीप विकास तथा रोजगार कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | महिला विकास |
| | ४.२, ३ र ४ | श्रम बजार तथा कार्यस्थल अनुगमन तथा उजुरी दर्ता कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | न्यायीक समिती र रोजगार सेवा केन्द्र |
| ५ | ५.१ | नवप्रवर्तन कोष तथा challenge fund संचालन तथा व्यवस्थापन | | | ✓ | ✓ | ✓ | रोजगार सेवा केन्द्र |

## १४. रणनैतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्याङ्कन सम्बन्धि व्यवस्था

### स्थानीय रोजगार रणनीति कार्यान्वयन समितिः

१४.१ रोजगारीको हक सम्बन्धि नियमावली,२०७५ को नियम २ बमोजिमको स्थानीय निर्देशक समिति नै यस रणनीतिको निर्देशक समितिको रहनेछ । स्थानीय निर्देशक समितिले रणनीति कार्यान्वयनको अनुगमन गर्नेछ ।

१४.२ स्थानीय रोजगार रणनीति कार्यान्वयन समितिको सचिवालयको रुपमा रोजगार सेवा केन्द्रले कार्य गर्नेछ । समितिको बैठक चौमासिक रुपमा बस्नु पर्नेछ । बैठक बसेको सात दिनभित्र रणनीति कार्यान्वयनको अवस्था एवं सुधार गर्नु पर्ने पक्षहरुको बारेमा स्थानीय निर्देशक समितिलाई जानकारी गराउनु पर्नेछ । समितिले बैठक सम्बन्धी अन्य कार्यविधि आफैले तय गर्न सक्नेछ ।

१४.३ रणनीति कार्यान्वयनमा देखिएका समस्याहरुको समाधान गर्न वा आवश्यक अन्य विषयमा स्थानीय रोजगार सम्वाद मञ्चको सल्लाह सुझाव लिन सकिनेछ ।

१४.४ रणनीतिको सफल कार्यान्वयनका लागि रोजगार सम्बद्ध सरोकारवालाहरुसंग छलफल एवं अन्तरक्रिया गरि आवश्यकता अनुसार कार्ययोजना (मासिक, वार्षिक वा दीर्घकालीन) निर्माण गर्नेछ ।

**१४.५ अनुगमन तथा मूल्यांकनः**

स्थानीय निर्देशक समितिले रणनीति कार्यान्वयनको अनुगमन गरि सो को प्रतिवेदन गाउँकार्यपालिका समक्ष पेश गर्नेछ । अनुगमन प्रतिवेदनको आधारमा गाउँकार्यपालिकाको पृष्ठपोषण बमोजिम स्थानीय निर्देशक समितिले रोजगार सम्बद्ध सरोकारवालाहरुसंगको छलफल एवं परामर्शमा रणनीतिमा पुनरावलोकन एवं सुधार गर्न आवश्यक भएमा सुधार गर्नुपर्ने पक्षहरु समेटिएको प्रतिवेदन गाउँकार्यपालिकालाई गर्नु पर्नेछ । रणनीति कार्यान्वयनबाट पहिचान गरिएका विभिन्न क्षेत्रहरुमा रोजगारीका अवसरहरुमा भएको वृद्धि एवं देखिएको प्रभाव सम्बन्धमा स्थानीय निर्देशक समितिको राय परामर्शमा रणनीति कार्यान्वयन समितिले तेश्रो पक्षबाट रणनीतिको मूल्यांकन वा प्रभाव मूल्यांकन गर्न सकनेछ ।

**१५.श्रोत परिचालन र बजेट व्यवस्थापनः**

यो रणनीति कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाई आवश्यक स्रोतको व्यवस्थापन गाउँ कार्यपालिकाले गर्नेछ । साथै यस रणनीतिको प्रभावकारी कार्यान्वयनमा निजी क्षेत्र, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाको आर्थिक एवं प्राविधिक श्रोत साधन परिचालन,समन्वय र सहकार्य गर्न सकनेछ ।

**१६. जोखिम व्यवस्थापन-**

रणनीतिक योजना कार्यान्वयनका क्रममा आउन सक्ने जोखिमहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ । योजना कार्यान्वयन कार्ययोजनामा पहिचान गरिएका जोखिमहरुको संकेत मात्र उल्लेख गरिएको छ ।

- स्रोत तथा बजेट व्यवस्थापन
- सरकारी गैर सरकारी र निजी क्षेत्रबिच प्रभावकारी समन्वय
- विकास साझेदारबाट हुने सहयोग र समन्वय

## अनुसूची- १

## चौबिसे गाउँपालिकाको रोजगार रणनीतिको नतिजा खाका

| क्र.सं. | नतिजा सूचक | एकाई | आधार तथ्याङ्क | लक्ष्य (आर्थिक वर्षअनुसार) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| १ | औपचारिक रोजगारिमा संलग्न जनसंख्या (महिला/ पुरुष/ कुल) | जना | | | | | | |
| २ | अनौपचारिक रोजगारिमा संलग्न जनसंख्या (महिला/ पुरुष/ कुल) | जना | | | | | | |
| ३ | वैदेशिक रोजगारीका लागि तेस्रो मुलुक गएका व्यक्तिहरुको संख्या | जना | | | | | | |
| ४ | वैदेशिक रोजगारीका लागि भारत गएका व्यक्तिहरुको संख्या | जना | | | | | | |
| ५ | सीपमूलक तालिम लिने व्यक्तिहरुको संख्या (महिला/ पुरुष/ कुल) | जना | | | | | | |
| ६ | स्वरोजगार तथा उद्यममा संलग्न जनसंख्या (महिला/ पुरुष/ कुल) | जना | | | | | | |
| ७ | सीप प्रमाणिकरण भएका व्यक्तिहरुको संख्या (महिला/ पुरुष/ कुल) | जना | | | | | | |
| ८ | रोजगार सहायता प्राप्त गर्ने सेवाग्राहिहरुको संख्या (महिला/ पुरुष/ कुल) | जना | | | | | | |
| ९ | रोजगार मेला र रोजगार तयारी क्लबबाट लाभान्वित लाभग्राहिहरुको संख्या (महिला/ पुरुष/ कुल) | जना | | | | | | |
| १० | विशेष कार्यक्रमबाट लाभान्वित बञ्चितिकरणमा परेका लक्षित समूहका लाभग्राहीहरुको संख्या | जना | | | | | | |
| ११ | वैदेशिक रोजगारीको क्रममा ठगीमा परेका, दुर्घटनामा परेका तथा मृत्यु भएकाहरुको संख्या | जना | | | | | | |
| १२ | पूर्ण बेरोजगार जनसंख्या | जना | | | | | | |
| १३ | न्यूनतम रोजगारीका लागि आवेदन दिने व्यक्तिहरुको संख्या (महिला/ पुरुष/ कुल) | जना | | | | | | |

(रोजगारीमा संलग्न सक्रिय जनसङ्ख्या निकाल्दा १५-५९ वर्षको रमेर समूहलाई आधार बनाइनेछ ।)

प्रमाणीकरण मिति : २०८०/०३/१०

आज्ञाले
पर्शुराम दाहाल
प्रमुख प्रशासकीय अधिकृत
चौविसे गाउँपालिका

सर्वाधिकार : चौविसे गाउँपालिका, धनकुटा
मुद्रित संख्या : १० प्रति